बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

**नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने विषयहरूसम्बन्धी**
**बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)को**
**प्रेस-विज्ञप्ति**

उपर्युक्त सम्वन्धमा देश सशस्त्र द्वन्द्वले आक्रान्त भएको वेला बालबालिका र विद्यालयमा परेको असरलाई रोक्न, हिंसा दुर्व्यवहार जस्ता जोखिमहरूबाट बालबालिकालाई संरक्षण गर्न नागरिकस्तरबाट जन्मिएको एक सशक्त अभियानको रूपमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)को सुरुवात भएको थियो । यसै अवधारणाका साथ सन् २००१ बाट यस अभियान शुरुवात गरी नेपालमा सन् २००३ देखि बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन भन्ने मुद्दामा बकालत गर्दै बालबालिकाका सर्वाङ्गीण विकासका समग्र विषयहरू यस अन्तर्गत समेटिने भएका कारण बाल अधिकार संरक्षण, प्रवर्द्धन र सवलीकरणको सुनिश्चितताका लागि निरन्तर अभियान सञ्चालन गर्दै आईरहेको सञ्जाल हो ।

उपयुक्त सम्वन्धमा आगामी आर्थिक वर्ष २०८१/८२ को तीनै तहका सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियाको अन्तिम अवस्थामा पुग्न लागेको सन्दर्भमा बालबालिकाको अधिकार, संरक्षण र प्रवद्धर्नमा बिशेष जोड दिँदै तपसिल बमोजिमका बिषयलाई सशक्त रूपमा आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा समावेश गर्नका लागि आवश्यक पहल कदमीको लागि सम्वन्धित सरोकारवालालाई हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

१) बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्, बालबालिका राष्ट्रिय गौरव हुन्, बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, युवामैत्री स्थानीय शासन, बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह, बातावरणमैत्री शासन, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री जस्ता अभियानहरूलाई स्रोत साधन सहित अभियानको रूपमा सञ्चालन गर्ने बिषय नीति, कार्यक्रम र बजेटमानै उल्लेख गर्नुपर्ने,

२) ३३.८४ प्रतिशत जनसंख्या ओगटेका बालबालिकाका निम्ति संवैधानिक आयोग, बालबालिका निम्ति उच्च स्तरीय संयन्त्र, बाल बजेट कोडको व्यवस्था तथा बालबालिका सम्वन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिवेदन र सर्वोच्च अदालतको फैसला बमोजिम बाल अदालत गठनका साथै बालबालिकाका निम्ति निश्चित प्रतिशत बजेटको सुनिश्चितता गरिनु पर्ने,

३) बालबिबाह अन्त्यसम्बन्धी रणनीति, २०७२, बालमैत्री स्थानीय शासन रणनीति २०६८ संघीय प्रणाली बमोजिम नभएको र अन्तरिम संविधान २०६३ बमोजिम तयार गरिएको हुँदा यसको समय सापेक्ष नयाँ

रणनीतिको मस्यौदालाई छलफल गरी मन्त्रिपरिषद्बाट नै जारी गरी कार्यान्वयनमा ल्याएर दिगो विकास लक्ष्यले राखेको सोच अनुसार २०३० सम्ममा बालविवाह मुक्त र बालमैत्री देश घोषण गर्ने लक्ष्यमा पुग्नु पर्ने गरी नीतिगत र कार्यक्रमिक व्यवस्था सुनिश्चितता गरिनुपर्ने,

४) सबै स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि, स्थानीय बाल अधिकार समिति, बाल कोष, बालमनोविज्ञ र समाजसेवीको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरी बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्ने तथा ७५३ स्थानीय तहमा स्रोत साधन र बालबालिका सम्बन्धी नियमावली २०७८ ले तोकेको काम कर्तव्य र अधिकार सहित लोकसेवा आयोगको प्रक्रियाबाट बालबालिका सम्बन्धी ऐन अनुरुप बाल कल्याण अधिकारी (ऐनको दफा ६१) नियुक्ति गर्नुपर्ने ।

५) बालबालिका सम्बन्धी विशिष्टीकृत ऐनद्वारा स्थापित भएको नेपाल सरकारको बालबालिकाका निम्ति विशिष्टीकृत निकायको रूपमा रहेको राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समितिहरूलाई स्रोत साधन सम्पन्न बनाउदै सङ्गठन र व्यवस्थापन सर्वेक्षण स्थाई कर्मचारीको व्यवस्थापन शुनिश्चित गरिनुपर्ने,

६) सडक बालबालिका मुक्त नेपाल घोषणा गर्नका निम्ति निरन्तर स्रोत साधन सहित सडक बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्नका लागि बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाईन नम्बर १०९८ नेपाल सेवाको सबलीकरण र विस्तार गर्नुपर्ने,

७) नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरिका दलित परिवारका र मानव गरिबी सूचाङ्कमा पछाडि परेका २५ वटा जिल्लाहरू मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, बैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा र बैतडी जिल्लाका गरी जम्मा २५ जिल्लाहरूका र दलित समुदायका देशभरका ५ वर्ष उमेर पूरा नगरेका एक आमाबाट जन्मिएका बढिमा दुई बालबालिकालाई हाल प्रदान गरिदै आएको रु.५३२।- प्रति महिना वितरण हुँदै आएको बालपोषण भत्ता ७७ वटै जिल्लामा विस्तार गरी हाल प्रदान गरिरहेको रकमलाई बृद्धि गरी कम्तिमा १०००।- (एक हजार) पुऱ्याउने गरी आगामी नीति तथा कार्यक्रममा व्यवस्था गरिनुपर्ने,

८) नेपाल सरकारले कक्षा ५ सम्म प्रति विद्यार्थी रु. १५।- (पन्ध्र रुपैयाँ) का दरले ६ वटा प्रदेशमा र कर्णालीमा रु. २० (बीस रुपैयाँ) का दरले प्रदान गर्दै आईरहेको विद्यालय खाजामा उक्त रकमले पोषणयुक्त खाना खुवाउन असम्भव भएको परिवेशमा रकम बृद्धि सहित माध्यमिक तहसम्मको लागि व्यवस्थापन गरिनुपर्ने । हाल प्रदान गरिएको विद्यालय खाजा कार्यक्रम सबै विद्यार्थीका लागि गर्न नसक्दा बालबालिका बिचमा नै विभेदकारी अवस्था सिर्जना हुने भएका कारण यसमा बृद्धि गरी सबै माध्यमिक तहसम्मका बालबालिकामा समानताको वातावरण सुनिश्चित गरिनुपर्ने,

९) अभिभावक विहीन विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गरी बालबालिकामाथि लगानी अभिवृद्धि गर्नुपर्ने,

१०) अनाधिकृत रूपमावैकल्पिक स्याहारमा राखिएका बालबालिकाको उद्धार, संरक्षण र पारिवारिक पुनर्मिलन गर्दै निसंस्थाकरण सम्बन्धी कानुनी व्यवस्थाको अवलम्बन गरिनु पर्ने,
११) बाल सुधार गृहमा देखिएका समस्याको तत्काल सम्बोधन गर्दै, बाल सुधार गृहको क्षमता अनुसार बालबालिकालाई राखिनु पर्ने र गृहमा देखिएका समस्या उनीहरुको शिक्षा, स्वास्थ्य, मनोविमर्श, संरक्षणको शुनिश्चितता गर्दै बाल सुधार गृहमा १८ बर्षभन्दा कम उमेरकालाई मात्र राख्ने कुरा ग्यारेन्टी गरिनु पर्ने ।
१२) अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, द्वन्द्व हिंसा, दुर्व्यवहारमा परेका, बाबुआमा बिहीन बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने,
१३) बाल सहभागिता अभिवृद्धि गर्दै बालक्लवको संस्थागत विकास, नीति निर्माण प्रक्रियामा बाल भेला मार्फत अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गरिनु पर्ने ।
१४) सबै विद्यालय (सरकारी, सामुदायिक, निजी, धार्मिक तथा संस्थागत)मा विद्यालय नर्स र मनोबिमर्शकर्ताको व्यबस्था गरिनु पर्ने, बालबालिकालाई मानसिक स्वास्थ्य समस्याबाट बचाउन प्रभावकारी कार्यक्रम तय गरिनुपर्ने,
१५) बुवाआमको पहिचान हुन नसकेका वैकल्पिक हेरचाहमा हुर्केका बालबालिका र युवाहरूले जन्मदर्ता, नागरिकता, बैंक खाता तथा डिम्याट खाता सञ्चालन गर्न प्रस्ट नीतिगत व्यवस्था गर्नुपर्ने, कसैलाई पनि गैर नागरिक बनाउन नहुने कुराको शुनिश्चितता गरिनुपर्ने,
१६) बैकल्पिक स्याहारमा रहेका बालबालिकाका लागि नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रममा नि:शुल्क बीमाको सुविधा, उच्च शिक्षासम्म नि:शुल्क शिक्षा तथा सीपमुलक तालिमहरू प्रदान गरी एक सक्षम नागरिकको रूपमास्थापित गराउने,
१७) मानब बेचबिखन, बालविवाहबाट पीडित तथा प्रभावितहरूका लागि पारिवारिक पुर्नमिलन, शिक्षा, स्वास्थ्य, रोजगारीका व्यवस्था गर्नुपर्ने, अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिहरूको अधिकार सुनुश्चित गर्न बालसंवेदनशील सामाजिक सुरक्षा कार्यक्रमलाई बिस्तार गरिनुपर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूका लागि विशेष प्राथमिकतामा राख्ने तथा बाल अधिकार संरक्षण प्रवर्द्धनमा अभिभावकलाई थप जिम्मेबार बनाउन अभिभावक शिक्षा सञ्चालन गरी बालबालिकाका बिशेष समस्याको सम्बोधन गरी बाल अधिकार सुनिश्चित भएको समाज निर्माण गर्नका निम्ति नेपाल सरकारका तीनै तहले कम्तिमा जम्मा बजेटको १० प्रतिशत बजेट बालबालिकाका निम्ति छुट्याउने व्यवस्था गर्नुपर्ने ।
१८) अनलाइनका माध्यमबाट बालबालिकामा भईरहेको र हुनसक्ने सम्भावित दुर्व्यवहार, शोषण, हिंसा, बेचबिखन लगायतका घटनालाई न्यूनीकरणको लागि अनलाईन बाल सुरक्षा नीति कार्यबिधि तत्काल ल्याईदिनुपर्ने ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)

१९) समग्रमा सरकारले वर्तमानका हिंस्सेदार, साझेदार र भविष्य बोकेका बालबालिकामा लगानी कति छ भन्ने स्पष्ट पार्न बाल बजेटकोडको व्यवस्था गरियोस् ।

२०) सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी ऐन (विधेयक)को मस्यौदा माथि छलफल भईरहदा तत्कालीन माओबादी सशस्त्र युद्धको सन्दर्भमा रहेका बाल सैनिकको जीवनमा परेको असर उनीहरुको बर्तमान अबस्था र क्षतिपूर्ति जिबिकोपार्जनको शुनिश्चितता गरिनु पर्ने ।

२१) राष्ट्रिय जनगणनाले २०७८ मा ल्याइएको तथ्याङ्कलाई बालबालिका र बाल अधिकार दृष्टिकोणले प्रस्ट सबै पक्ष समेटेको तथ्याङ्क बनाउने शुनिश्चितता गरिनु पर्ने ।

२२) सबै प्रकारका भौतिक संरचना निर्माण गर्दा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र सुरक्षित बनाउने कुराको नीतिगत र सम्झौतामा उल्लेख गरी कार्यान्वयनको शुनिश्चितता गरिनु पर्ने ।

२३) नेपालमा बनिरहेका र प्रदर्शनका क्रममा रहेका चलचित्रहरू, नाटक, गीतिनाटक, वृत्तचित्र, भिडियो सामग्रीहरू लगायत प्रकाशन र प्रसारण माध्यमबाट सार्वजनिक हुने सबै सामग्रीहरूमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र मानवीय संवेदना अनुकुलको भाषाशैली तथा अभिनय हुनुपर्ने बिषयमा विशेष प्राथमिकताका साथ नीतिगत व्यवस्था सम्बन्धित निकायले गरिनुपर्ने ।

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

**बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)**

**२२ चैत्र २०८०**